नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २२४ २०७९ साल चैत २४ गते शुक्रबार (7 Apr. 2023 Friday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : न्यायिक पुनःस्थापनाका लागि ... २ पृष्ठमा : पुँजीगत खर्च बढाउन ... ३ पृष्ठमा :कोरियाली प्रायद्वीपलाई ...

## बच्चा जन्मदर्ता मावलीका थरबाट गर्न सकिने

काठमाडौं, २३ चैत (रासस)।

एकल महिलाबाट जन्मेको र पितृत्वको ठेगाना नभएको बच्चाको जन्मदर्ता मावलीको थरबाट हुने भएको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले एक सूचना जारी गरी उक्त व्यवस्था गरिएको जनाएको हो।

त्यस्ता बालबालिकाको जन्मदर्ताका विषयमा थप प्रष्ट पारिदिन स्थानीय तहबाट अनुरोध भइ आएकाले दोहोरो दर्ता नहुने गरी उक्त व्यवस्था गरिएको विभागका महानिर्देशक रुद्र पण्डितले राससलाई जानकारी दिनुभयो।

"विवाह अघि जन्म भएको तर पितृत्व ठेगान नभएको बच्चा भएको एकल महिलाको विवाह गरी बच्चासहित पतिको ठेगानासँगै बसेको भए उक्त बच्चाको मावलीकै थर राखी आमाको हालको स्थायी ठेगानामा जन्मदर्ता गर्न सकिनेछ", विभागले भनेको छ।

विभागले विवाह अघि जन्म भएको तर पितृत्वको ठेगान नभएको बच्चा भएको एकल महिलाले विवाह गरी पतिसँगै बसेको तर उक्त बच्चाको मावलीमै बसेको भए मावलीकै थर कायम गरी मावलीकै ठेगानामा आमालाई सूचक राखी जन्मदर्ता गर्न सकिने जनाएको छ।

माथिका दुई व्यवस्था अनुसार बच्चाको जन्मदर्ता भइसकेपछि बाबुको ठेगान पत्ता लागेको अवस्थामा सो जन्मदर्ता नियमानुसार रद्द गरी बाबुको ठेगानाबाट नयाँ जन्मदर्ता गर्नुपर्ने विभागले जनाएको छ।

माथिको अवस्थाबाहेक अन्य अवस्थामा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली (संसोधनसहित) २०७७ र विभागको यसअघिको परिपत्र अनुसार गर्नुपर्ने भनिएको छ।

## विषादी सेवन गरेका एक युवकको उपचारका क्रममा मृत्यु, अर्का बिरामी

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत।**

सप्तरीमा विषादी सेवनका घटना निकै बढ्न थालेको छ। विगत केही दिनदेखी विषादी सेवन गर्नेको संख्या भण्डै दुई दर्जन पुगेको छ।

यसैक्रममा बुधबार जिल्लाको कंचनरुप नगरपालिका वडा नं. ३ दास टोल निवासी ईन्द्रदेव दासको छोरा २२ वर्षिय श्याम कुमार दासले विषादी सेवन पश्चात् उपचारका क्रममा बिहीबार बिहान उनको मृत्यु भएको प्रहरीले जनाएको छ।

विषादी सेवनको कारण खुल्ने नसकेको जनाउँदै प्रहरीले धान, गहुँमा हाल्ने अलमुनियम नामक बिषादी सेवन गरेका उनलाई गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा सामान्य उपचार पश्चात थप उपचारका लागि बिराट नर्सिङ होम बिराटनगर लगिएकोमा उपचारकै क्रममा बिहीबार बिहान मृत्यु भएको हो।

यता बिहीबार जिल्लाको विष्णुपुर गाउँपालिका वडा नं. १ स्थित जमुनी बस्ने २७ वर्षिय बिरेन्द्र मुखियाले घरायसी बादविबादको कारण नाम नखुलेको बिषादी सेबन गरेका छन्। विषादी सेवन गरेका उनको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु, एक महिलासहित दुई घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत।**

सप्तरीको बोदेबर्साइन नगरपालिकामा बिहीबार मोटरसाइकल आफै अनियन्त्रित भएर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्। यस्तै अर्को मोटरसाइकल दुर्घटनामा एक महिला घाइते भएकी छिन्।

बोदेबर्साइन नगरपालिका २ बैरियास्थित बिषनपुर बोदेबर्सास्थित सडक खण्डमा उत्तरबाट दक्षिणतर्फ आँउदै गरेको को.१७प.९४७५ नं.को मोटरसाइकल आफै अनियन्त्रित भएर दुर्घटना हुँदा मोटरसाइकल चालक वाड नं. ५ निवासी १७ वर्षिय सागर पंडितको मृत्यु भएको हो।

प्रहरीका अनुसार घाइते पंडितको उपचारको क्रममा जिवन ज्योति अस्पताल बोदेबर्साइनमा मृत्यु भएको छ। यस्तै दुर्घटनामा मोटरसाइकल पछाडी सवार स्थानिय १५ वर्षिय सुमित पंडित घाइते भएका छन्। उनको सोही अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै बुधबार राजविराज वडा नं. ६ लिलजा टोलमा मोटरसाइकल आफै अनियन्त्रित भएर दुर्घटना हुँदा एक महिला घाइते भएकी छिन्। वडा नं. १६ बोरिया निवासी शंकर देवले चलाइरहेको स.४प.४४९० नं. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुदा पछाडी सबार उनकी श्रीमती गौरी देव लडेर घाइते भएक छिन्।

उनको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचार पश्चात् थप उपचारका लागि युनिक अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## वैयक्तिक विवरण अद्यावधिक गर्न निर्देशन

काठमाडौं, २३ चैत (रासस)।

राष्ट्रिय किताबखाना (निजामती) ले सरकारका उपसचिव र शाखा अधिकृत सरहका कर्मचारीलाई एक महिनाभित्र आफ्नो वैयक्तिक विवरण अद्यावधिक गर्न सूचना जारी गरेको छ। कर्मचारीको सरुवा, बढुवा, पुरस्कार र पदस्थापन विज्ञताका आधारमा मात्र गर्ने सरकारको तयारीपछि किताबखानाले उक्त सूचना जारी गरेको हो।

किताबखानाका सूचना अधिकारी प्रकाशजङ्ग शाहीका अनुसार कर्मचारीको वैयक्तिक विवरण नभएका कारण पूर्णरुपमा विवरण अद्यावधिक गर्न कठिनाइ भएकाले सङ्घ, प्रदेश तथा स्थानीय तहमा समायोजन भई कार्यरत सबै सेवा, समूह र श्रेणीका कर्मचारीले एक महिनाभित्र अद्यावधिक गर्नुपर्ने छ।

किताबखानाको वेबसाइटमा रहेको इमेलमार्फत वा स्वयं कागजातसहित कार्यालयमा गई विवरण अद्यावधिक गर्न सकिने किताबखानाले जनाएको छ। किताबखानाले सबै सेवा, समूह र श्रेणीका कर्मचारीको अभिलेख राख्ने एवं अद्यावधिक गर्नुपर्ने कानुनी व्यवस्था भएबमोजिम कर्मचारीको वैयक्तिक विवरण निरन्तर अद्यावधिक गर्दै आएको छ। किताबखानाले यसअघि सचिव र सहसचिव सरहका कर्मचारीको विवरण अद्यावधिक गर्न सूचना जारी गरेको थियो।

## पार्किङ्ग गरिराखेको मोटरसाइकललाई सिटीले ठक्कर दिदा चालक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत।**

राजविराज वडा नं. ६ स्थित सिरहा रोड सडक खण्डमा सिटीले पार्किङ्ग गरिराखेको मोटरसाइकललाई ठक्कर दिदा चालक घाइते भएका छन्।

पुर्वबाट पश्चिमतर्फ जादै गरेको को.२ख.४०३ नं को सिटीले पार्किङ्ग गरिराखेको स.८प.१५०४ नं. को मोटरसाइकललाई ठक्कर दिदा मोटरसाइकल चालक स्थानिय ४९ वर्षिय देवानन्द प्रसाद देव घाइते भएको प्रहरीले जनाएको छ।

सिटी चालक वडा नं १६ बोरिया निवासी ३० वर्षिय मोहन खंग उपचारमा संलग्न रहेको तथा मोटरसाइकल र सिटी प्रहरीले नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## एक सय १६ नक्कली परीक्षार्थी पक्राउ

विराटनगर, २३ चैत (रासस)।

मोरङमा माध्यमिक शिक्षा परीक्षा (एसइई) दिइरहेका एक सय १६ नक्कली परीक्षार्थी पक्राउ परेका छन्। अरुको नाममा परीक्षा दिइरहेका उनीहरुलाई बिहीबार अनुगमन टोलीले विभिन्न परीक्षा केन्द्रबाट पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक दीपक पोखरेलका अनुसार अनुगमन टोलीले केराबारी, ग्रामथान र हरैंचाका परीक्षा केन्द्रबाट उनीहरुलाई पक्राउ गरिएको हो। पक्राउ परेका परीक्षार्थीका विषयमा छानबिन भइरहेको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार सबैभन्दा बढी सरस्वती मावि ग्रामथानबाट ५२ जना, सार्वजनिक मावि केराबारीबाट ४४ जना र जनता मावि सुन्दरहरैंचाबाट २० जना पक्राउ परेका छन्। नक्कली परीक्षार्थीका विषयमा आवश्यक छानबिन गरी कानुनी प्रक्रिया अगाडि बढाइने उपरीक्षक पोखरेलले जानकारी दिनुभयो।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सैं घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

## सम्पादकीय

### मुल्य बृद्धिलाई नियन्त्रण गर्नु आवश्यक

अहिले बजार पाइने सबै खाद्यान्नमा मुल्य बृद्धि भएको छ । विभिन्न बहानामा मुल्य बृद्धि भइरहँदा निकाय निरिह रहेको छ । कुनै पनि बहानामा मुल्य बृद्धिप्रति प्रशासनले कडा कदम चाल्नु पर्छ । तर, प्रशासनले यस्तो कुनै पहल चालेको देखिन्न् । दैनिकी रुपमा प्रयोग हुने सामाग्रिहरुको मुल्य मनपरी बढाइएको छ । यता उपभोक्ताहरुले पनि पसलेले गरेको मुल्य बृद्धिको कुनै प्रतिक्रिया नदेखाउँदा झनै पसलेहरुको मनोबल उच्च देखिएको छ ।

सबैभन्दा मारमा निम्न वर्गिय उपभोक्ता परिरहेकोले यसप्रति सम्बन्धीत निकायको चासो नजानु उनीहरुको समेत मिलोमतो भएको प्रष्ट देखिन्छ । हुने खानेले जतिसुकै पनि मुल्य बृद्धि भएपनि कुनै असर नपर्ने तर दैनिक रुपमा काम गरेर गुजारा चलाउने परिवारहरु प्रत्यक्ष रुपमा मारमा परेका छन् ।

तसर्थ कृतिम मुल्यबृद्धि तथा कृतिम अभाव गर्नेहरुलाई स्थानिय प्रशासनदेखी जनप्रतिनिहरु समेतले कारवाहीको दायरामा ल्याएर जनतालाई राहत दिनसक्ने अग्रसरता देखाउनु अत्यन्त आवश्यक रहेको छ ।

# न्यायिक पुनःस्थापनाका लागि हरुवाचरुवाको अधिकार यात्रा

जनकपुरधाम, २३ चैत (रासस) ।

मधेस प्रदेशका मिटरब्याज पीडितहरु न्यायका लागि संघीय राजधानी काठमाडौं केन्द्रित आन्दोलनमा रहेका बेला यहाँका हरुवाचरुवा न्यायिक पुनःस्थापनाको माग गर्दै प्रदेश राजधानी जनकपुर यात्रामा निस्किने भएका छन् ।

मुक्त घोषणा भएको नौ महिना बितिसक्दा पनि पुनर्स्थापनाका काम सुरु नभएको भन्दै सरकार र सरोकारवालाको ध्यानाकर्षणका लागि यही चैत २५ गतेदेखि २९ गतेसम्म प्रदेश राजधानी जनकपुर लक्षित अधिकार यात्रामा निस्किन लागिएको राष्ट्रिय हरुवाचरुवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलले जानकारी दिनुभयो ।

प्रदेशका आठ वटै जिल्लाका मुक्त हरुवाचरुवाहरु पुनर्स्थापनाका काम तत्काल अगाडि बढाउन सम्बन्धित सरोकारवालाहरुको ध्यानाकर्षणका लागि अधिकार यात्रामा सहभागी हुने उहाँले बताउनुभयो ।

"यही साउन २ मा सरकारले मुक्तिको घोषणा गऱ्यो तर पुनर्स्थापनाका कुनै पनि गतिविधि अगाडि बढ्न सकेनन् । जसले मुक्तिको आभाष गर्न पाइएन, बरु जीविकोपार्जनका लागि काम नपाउने भएपछि झन् पीडा थपिएको छ", मण्डलले भन्नुभयो ।

उहाँले आफूहरु न्यायिक पुनस्थापनाको माग गर्दै 'मुक्त हरुवाचरुवाको न्यायिक पुनर्स्थापना हाम्रो सरोकार, भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार' भन्ने नाराका साथ राजविराज र वीरगञ्जबाट जनकपुरसम्म पाँच दिने अधिकार यात्रा गर्ने बताउनुभयो । मण्डलले स्थानीय र प्रदेश सरकारबाट ठोस् प्रतिवद्धता नआए पैदलयात्रासहित काठमाडौं केन्द्रित आन्दोलन सुरु हुने बताउनुभयो ।

राष्ट्रिय दलित नेटवर्क( आरडिएन) का केन्द्रीय अध्यक्ष गणेश विश्वकर्माले हरुवाचरुवा विशेष गरी मधेश केन्द्रित समस्या भएकाले प्रदेश सरकारलाई जिम्मेवार बनाउन र स्थानीय सरकारका प्रतिनिधिलगायत सरोकारवालाहरुको ऐक्यबद्धताका लागि प्रदेश राजधानी केन्द्रित अधिकार यात्रा हुन लागेको बताउनुभयो ।

उहाँले प्रदेश र स्थानीयस्तरबाट सहयोगको ठोस् प्रतिवद्धता नआए अधिकार यात्रालाई संघीय राजधानी केन्द्रित आन्दोलनका रुपमा अगाडि बढाइने स्पष्ट पार्नुभयो । "भर्खरै मिटरब्याज पीडितहरुले काठमाडौं केन्द्रित आन्दोलन गर्नुपऱ्यो । हरुवाचरुवा त्योभन्दा विकराल समस्या हो । दासप्रथाको एक अवशेष हो", उहाँले भन्नुभयो, "संघीयता आइसकेपछि प्रशासनिक र शासकीय संरचना प्रदेश तथा स्थानीय तहमा हुने तर समस्या समाधानका लागि केन्द्रमै धाउनुपर्ने कुराले व्यवस्थाकै भूमिकामाथि प्रश्न उठ्को छ ।"

हरुवाचरुवा मधेश केन्द्रित राष्ट्रिय समस्या भएकाले पहिले यतैबाट समस्याको अपनत्व र समाधानको पहल होस् भन्ने ठानेर जनकपुरधाम केन्द्रित अधिकार यात्रा सुरु गरेको उहाँको भनाइ छ ।

आरडिएनका कार्यकारी निर्देशक हुकुम सार्कीले मधेस प्रदेशका आठ जिल्लाका करिब १० हजार हरुवाचरुवाको संलग्नतामा अधिकार यात्रा हुने बताउनुभयो । उहाँका अनुसार राजविराज र वीरगञ्जबाट चैत २५ गते सुरु हुने यात्राका क्रममा स्थानीय निकायका प्रमुख तथा उपप्रमुखहरुसँग छलफल गर्दै २८ गते जनकपुर पुगेर वृहत आमसभा हुनेछ ।

"आठ वटै जिल्लाबाट करिब १० हजारको सहभागिता रहने अधिकार यात्राका क्रममा स्थानीय तहका प्रमुखसँग छलफल हुन्छ, त्यहाँको सुझाव लिएर प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम छ । त्यसक्रममा अधिकारका लागि स्थानीय र प्रदेश सरकारस्तरबाट हुने प्रतिवद्धता तथा पहलकदमीको आधारमा थप कार्यक्रम तय हुन्छ । त्यसपछि दुबै तहका सरकारको सन्देश लिएर संघीय सरकार कहाँ जान्छौं", सार्कीले भन्नुभयो ।

विशेषगरी मधेश प्रदेशका जिल्लामा मात्रै अस्तित्वमा रहेका हरुवाचरुवालाई अधिकारकर्मी श्याम श्रेष्ठ नेतृत्वमा गठित मुक्त कमैया, कम्लहरी, मुक्त हलिया र हरुवाचरुवासम्बन्धी वस्तुस्थिति अध्ययन समितिको प्रतिवेदन अनुसार गत साउन २ मा मुक्तिको घोषणा गरिएको थियो ।

मधेसमा करिब ६० हजार परिवार मुक्त हरुवाचरुवा रहेको अधिकारकर्मीहरुको दावी छ । हरुवाचरुवासम्बन्धी सन् २०१९ मा धनुषामा गरिएको एक अध्ययनअनुसार ९० प्रतिशतले औषधोपचारका लागि ऋण लिएकै कारण बधुवा श्रमिक हुन बाध्य भएको, ७२ प्रतिशतले बढी ज्याला पाउँदा पनि अन्यत्र काम गर्न नपाउने गरेको देखाएको थियो ।

सोही अध्ययनले २७ प्रतिशत हरुवाचरुवाको निजी उत्पादनले तीन महिना मात्रै खान पुग्ने, ८८ प्रतिशतको बस्नका लागि कच्ची टहरो, २४ प्रतिशतको ऐलानी जमिनमा टहरो र २७ प्रतिशतको गाउँ ब्लकमा घर रहेको देखाएको थियो ।

# पुँजीगत खर्च बढाउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, २३ चैत (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकमा देखापरेको आर्थिक चुनौतीलाई सम्बोधन गर्ने गरी काम गर्न र पुँजीगत खर्च बढाउन विशेष मेहनत गर्न निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ५०औं बैठकलाई सम्बोधन गर्दै उहाँले पुँजीगत खर्चलाई तीव्रता दिन र कामको गुणस्तर कायम गर्नमा विशेष जोड दिनुभयो ।

"पुँजीगत खर्च समयमा हुन सकेन भने त्यसले विकास निर्माण पछाडि पार्ने मात्र नभई त्यसबाट अर्थतन्त्रमा बहुआयामिक असर पर्दछ । तसर्थ सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहको सरकारले पुँजीगत खर्चलाई तीव्रता दिन र कामको गुणस्तर कायम गर्नमा विशेष जोड दिन आवश्यक छ", उहाँले भन्नुभयो ।

अन्तरतह समन्वय गर्ने विषयमा आफूले पहल गर्ने जनाउँदै उहाँले बजेट कार्यान्वयनको सम्बन्धमा मन्त्रालय र प्रदेश सरकारसँग समेत छलफल गरी अर्थ मन्त्रालयले प्रगति राम्रा भएका विकास आयोजनामा साधनस्रोतको अभाव नहुने व्यवस्था मिलाइने बताउनुभयो ।

सरकार आर्थिक वर्ष २०८०/८१ को नीति, कार्यक्रम र बजेटको पूर्वसन्ध्यामा रहेको बताउँदै उहाँले विगतभन्दा नयाँ र गुणात्मक प्रकृतिको योजना निर्माण र बजेट व्यवस्थाका लागि आवश्यक तयारी गर्नसमेत निर्देशन दिनुभयो । केही आयोजनामा राम्रो प्रगति भए पनि वार्षिक बजेट र आयोजनाको कार्यान्वयनमा चालु आवको प्रथम छ महिनामा आशातीत लक्ष्य हासिल हुन नसकेको देखिएको उल्लेख गर्दै उहाँले यो अत्यन्त संवेदनशील विषय रहेको बताउनुभयो ।

"हेर्दा खासै ठूलो समस्या छ भन्ने पनि देखिन्न । तर बजेट, योजना र कार्यक्रम ठीक ढङ्गले कार्यान्वयन हुन पनि सकेका छैनन्", उहाँले भन्नुभयो, "खास समस्या के-के हुन्, तिनको पहिचान गरी समाधानका प्रभावकारी उपाय निर्क्योल गर्ने कार्य पनि अहिले नै गर्नुपर्दछ ।"

उहाँले मन्त्रीहरूले यसमा विशेष पहलकदमी लिएर ठोस कार्य गर्नुहुनेछ भन्ने आफ्नो अपेक्षा रहेको बताउनुभयो । "यहाँ छलफल भएबाहेक पनि अन्तरमन्त्रालयगत समन्वयका समस्या छन् भने तिनलाई तुरुन्तै समाधान गर्नुहुनेछ", उहाँले भन्नुभयो ।

बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले आव २०७९/८० को अर्धवार्षिक समीक्षासहितको प्रस्तुति राख्नुभएको थियो । प्रस्तुतिमा समष्टिगत आर्थिक परिसूचक, आर्थिक वर्षको अर्धवार्षिक प्रमुख आर्थिक परिसूचक, राजस्व तथा वैदेशिक सहायता परिचालनको स्थिति, पन्ध्रौँ योजनाको मध्यावधि समीक्षा विवरण, मन्त्रालयगत र निकायगत खर्चको प्रगति स्थिति, प्रदेशगत आर्थिक परिसूचक र बजेट कार्यान्वयनको अवस्था, राष्ट्रिय गौरवका आयोजनाको प्रगति समेटिएको थियो । साथै राष्ट्रिय विकास समस्या समाधान समितिको ४७औँ, ४८औँ र ४९औँ बैठकका निर्णय कार्यान्वयन तथा पहिलो प्राथमिकता प्राप्त आयोजनाको भौतिक प्रगति पनि उहाँले प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा सङ्घीय सरकारका मन्त्री, प्रदेशका मुख्यमन्त्री, महालेखा परीक्षक, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष, मुख्यसचिव, नेपाल राष्ट्र बैंकका गभर्नर, जिल्ला समन्वय समिति महासङ्घका अध्यक्ष, नेपाल नगरपालिका सङ्घका अध्यक्ष र गाउँपालिका महासङ्घका अध्यक्षलगायतले आआफ्नो विषय राख्नुभएको थियो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

स्था. २०५७

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित

सहकारी बिभाग दर्ता न.१२०१०५७५८

# जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## राजविराज–४,सप्तरी

मिति : २०७९/१२/२४

## धितोमा रहेको अचल सम्पती लिलाम बिकी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सुचना ।

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न प्रयोजनका लागी लिएको ऋणको सम्फौता बमोजिम तोकिएको समयाबधी भित्र तिर्न बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरि नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरुको तर्फ कुनै चासो नदिएकोले धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको धितो घर/जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिकी गर्ने बारे ३५ दिने सुचना जारी गरिएको छ । उक्त म्याद भित्र पनि कर्जा चुक्ता/भुक्तान गर्न नआएमा यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद समेत ४२औं दिनमा यस सहकारी संस्थाको कार्यालयमा धितो लिलाम बढाबढ गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । अन्यथा कर्जा सुरक्षण वापत लेखीदिएको धितो अचल सम्पती घर /जग्गा प्रचलित सहकारी ऐन, नियमावली तथा यस संस्थाको ऋण ब्यबस्थापन कार्यबिधि बमोजिम तपशिलमा उल्लेखित धितो सुरक्षण लिलाम गरी वा अन्य आवश्यक कानुनी कारवाही गरी संस्थाका लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ । सुरक्षणमा रहेको धितो लिलाम बिकी हुन नसकी यसै संस्थाले धितो साकार गर्नु परेमा नपुग बराबरको बाँकी बक्यौता ऋणी एवम जमानीकर्ताको जायजेथा बाट असुल उपर गरिने व्यहोरा समेत यसै सुचना बाट जानकारी गराईन्छ ।

| सि.नं. | ऋणी सदस्यको विवरण | ठेगाना | धितो विवरण |
|---|---|---|---|
| १. | **मो. बदरुद्दीन अली**<br>बुवा :– अमानत मिया<br>बाजे :– कारि मिया | जिल्ला सप्तरी ,<br>न.पा. राजबिराज<br>वडा नं.२ हाल १ | जिल्ला सप्तरी , न.पा. राजबिराज वडा नं.२ हाल १, चनौरा पररियाको किता नं. २५१ को क्षेत्रफल ०–१–१ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| २. | **श्री सिंघेश्वरी देवी**<br>पति : महेन्द्र मंडल धानुक<br>बुवा : मौजेलाल मंडल<br>ससुरा : दोरिक मंडल धानुक | जिल्ला सप्तरी,साबिक गा.वि.स. मलेकपुर –७ हाल गा.पा.विष्णुपुर–३ | जिल्ला सप्तरी , गा.वि.स.मलेकपुर वडा नं.८ स्थित किता नं.३९३ को क्षेत्रफल ०–३–१२.५ र किता नं.५८० को क्षेत्रफल ०–२– ०.२५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ३. | **श्री उर्मिला देवी यादव**<br>पति :–राम नारायण यादव<br>बुवा :– बच्चाई यादव<br>ससुरा :– दुःखी यादव | जिल्ला सप्तरी ,साविक गा.वि.स.. सकरपुरा वडा नं.८, गा.पा. तिलाठी काईलाडी–६ | जिल्ला सप्तरी , गा.वि.स. सितापुर वडा नं.३क ,स्थित किता नं. ६४७ को क्षेत्रफल ०–१३–१२.५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ४. | **श्री सकुन्तला देवी चौधरी वैश्य**<br>पति :– विन्देश्वरी चौधरी<br>ससुरा :–सुर्यवंशी चौधरी | जिल्ला सप्तरी ,<br>साविक गा.वि.स.<br>विषहरिया वडा नं.४ | जिल्ला सप्तरी , गा.वि.स. बिषहरिया वडा नं.४क स्थित किता नं.१५ को क्षेत्रफल ०–१ –१५, किता नं. ५२ को क्षेत्रफल ०–०–६, किता नं. ६० को क्षेत्रफल ०–०–९, किता नं.६३ को क्षेत्रफल ०–०–९ र वडा नं.८ख किता नं. १०४ को क्षेत्रफल ०–१–२, किता नं.१०६ को क्षेत्रफल ०–३–१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |

### धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेलाई सुचना :

उल्लेखित सुचनाको म्याद भित्र यथाशिघ्र ऋणको बाँकी बक्यौता राफसाफ गरी आफनो सम्पतीको उचित संरक्षण गर्नुहुन समेत यसै सुचना बाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिकीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलाम बाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सुचित गरिएको छ । धितो लेखी दिएको सम्पती लिलाम बिक्रि गरी वा सहकारी संस्था आफैले साकार गर्दा समेत साबिकमा सहकारी संस्था बाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा लिलाम बिक्रि भएमा वा सहकारी संस्थाले आफै साकार गरि लिएमा पछी मेरो/हाम्रो सम्पतीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा लिलाम बिकी भयो वा सहकारी संस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन् ।

### लिलामका शर्तहरु :

१.लिलाममा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले कबुल गरेको रकमको १०% ले हुने रकम संस्थामा बुझाउनु पर्नेछ ।

२.लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सुचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पती बुझी नलिएमा धरौटी वापतको रकम स्वतः जफत हुनेछ ।

३.तोकिएको लिलामको दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट वा कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।

४.बोलकबोलमा सबै भन्दा बढी कबोल गर्ने व्यक्तिलाई दिने नदिने सम्पुर्ण अधिकार सहकारी संस्थामा निहित रहनेछ ।

५.लिलाम बिक्रि भएको अचल सम्पती जे अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।

६.लिलााम बिक्रि गर्दा कसैले नसकारेमा वा बोल कबोल गरेको रकम सहकारी संस्थालाई चित बुझ्दो नभएमा यस सहकारी संस्थाले उक्त सम्पतीको स्वामित्व आफुमा लिन सक्नेछ ।

७.लिलाम गर्दा लाग्ने सम्पुर्ण खर्च ऋणी स्वयंले नै व्यहोर्नु पर्नेछ । साथै लिलाम सकार गर्ने व्यक्तिले सकार गरिलिएको जायजेथा आफनो नाममा नामसारी गर्दा लाग्ने खर्च सकार गर्ने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।

**८. लिलाम बढाबढ हुने मिति, समय र स्थान : २०८० जेठ ४ गते बिहिवार , कार्यालय समय १० बजे देखी ५ बजे सम्म संस्थाको कार्यालय राजबिराज –४ मा हुनेछ ।**

# विश्व समाचार

## कोरियाली प्रायद्वीपलाई आणविक युद्धतर्फ धकेलेको उत्तर कोरियाको आरोप

सोल, २३ चैत (रासस/एपी) ।

कोरियाली प्रायद्वीपलाई अमेरिका र दक्षिण कोरियाले आणविक युद्धतर्फ धकेलेको आरोप उत्तर कोरियाले लगाएको छ। अमेरिका र दक्षिण कोरियाले गरेका संयुक्त सैन्य अभ्यासलाई लिएर प्योङयाङले उक्त आरोप लगाएको हो । संयुक्त सैन्य अभ्यास कोरियाली प्रायद्वीपको शान्ति र स्थायित्वका निम्ति जोखिमपूर्ण भएको र त्यसले आणविक युद्ध निम्त्याउन खोजेको सरकारी सञ्चारमाध्यम कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए)ले जनाएको छ ।

अन्तरराष्ट्रिय सुरक्षा विश्लेषक चो जु ह्योनले संयुक्त सैन्य अभ्यासले प्रायद्वीपको स्थितिलाई विष्फोटक बनाउने प्रयास गरेको केसीएनएलाई बताएका छन् । उत्तर कोरियाले पनि आक्रमक कारबाही गर्नसक्ने चेतावनी उनले दिएका छन् । अमेरिका र उसका सहयोगीहरूले सैन्य उन्माद प्रस्तुत गरेर कोरियाली प्रायद्वीपको शान्ति र स्थायित्वमाथि खेलवाड गरेको आरोप उनले लगाएका छन् ।

पाँच वर्षको अन्तरालमा हालै अमेरिका र दक्षिण कोरियाले गरेका विशाल संयुक्त सैन्य अभ्यासलाई उत्तर कोरियाले आफूमाथिको आक्रमणको पूर्वाभ्यास भन्दै त्यसको कठोर शब्दमा निन्दा गर्दै आएको छ ।

संयुक्त सैन्य अभ्यासको विरोधमा उत्तरले पनि शृङ्खलाबद्ध रूपमा साना-ठूला क्षेप्यास्त्रको परीक्षण जारी राख्यो । गत वर्ष ७० वटाभन्दा बढी क्षेप्यास्त्र परीक्षण गरेको प्योङयाङले यो वर्ष विभिन्न दश वटा परीक्षण कार्यक्रमअन्तर्गत कम्तीमा २० पटक 'ब्यालेस्टिक' र 'क्रुज मिसाइल' परीक्षण गरिसकेको छ ।

बारम्बार छोटो तथा लमो दूरीका क्षेप्यास्त्र परीक्षण गरेर उत्तर कोरियाले हिन्द-प्रशान्त क्षेत्रका अमेरिकी सैन्य अखडा र दक्षिण कोरियाली कमाण्ड सेन्टरलाई निशाना बनाएको सुरक्षा विश्लेषकहरूले बताएका छन् । उत्तर कोरियाले निरन्तर गरेका परीक्षणबाट टोकियो, सोल र वासिङ्टनबीचको सहकार्यलाई अझ सुदृढ बनाउने उनीहरूको तर्क छ ।

उत्तर कोरियाली नेता किम जोङ उनले यो महिनाको प्रारम्भमा वास्तविक युद्धका लागि तयारी गर्न तथा सैन्य अभ्यास तीव्र तुल्याउन सम्बद्ध निकायलाई निर्देशन दिनुभएको थियो । उत्तर कोरियाले आफ्नो शक्तिशाली क्षेप्यास्त्र भने आजसम्म प्रक्षेपण गरेको छैन । आफूलाई अपरिवर्तनीय आणविक शक्ति घोषणा गरेको उसले क्षेप्यास्त्र परीक्षणलाई आफ्नो अधिकार एवम् प्राथमिकता भन्दै आएको छ ।

## आँधीका कारण दश लाखभन्दा बढी क्यानडाली अन्धकारमा

मन्ट्रियल, २३ चैत (रासस/एपी) ।

क्यानडाको पूर्वी भागमा शक्तिशाली आँधीक विद्युत् प्रसारण लाइन अवरुद्ध हुँदा दश लाखभन्दा बढी क्यानडाली अन्धकारमा बस्न बाध्य भएका छन् ।

असिनासहितको वर्षाले कठ्याङ्ग्रिने चिसो बढेका बेला बिजुली नहुँदा आँधी प्रभावित भेगका जनता आफूलाई न्यानो पार्न वैकल्पिक उपाय अवलम्बन गर्न बाध्य भएका छन् । बिहीबार बिहानसम्म क्युबेक प्रान्तका दश लाखभन्दा बढी मानिस बिजुलीविहीन भएका विद्युत् सेवा प्रदायक एक कम्पनीले जनाएको छ ।

आँधीले तहसनहस पारेका बोटविरुवा पन्छाउन तथा तिनका हाँगाविँगाले भरिएका सडक र थिचिएका संरचना सफा गर्न नगरबासीलाई हम्मेहम्मे परेको छ । अधिक चिसोका कारण उनीहरूलाई थप सकस भएको छ । हिउँले लच्किएका बिजुलीका तार रुखमा लत्रिदा विद्युत् आपूर्तिमा समस्या भएको छ ।

सहायताका लागि नगरप्रमुख र सुरक्षाकर्मीलाई बारम्बार फोन आएको थियो । यद्यपि उनीहरूले थप सतकर्म रहन आग्रह गरेका थिए । नगरका प्रमुख भ्यालेरी प्लान्टेले परिस्थिति सामान्य हुनेवित्तिकै सरसफाइ तथा जनसहयोगका कामलाई तीव्र गतिमा अघि बढाउने बताएका छन् ।

## अमेरिकामा आँधीः पाँच जनाको मृत्यु, पाँच घाइते

ग्लेन एलेन (मिसौरी), २३ चैत (रासस/एपी) ।

विगत दुई सातादेखि शृङ्खलाबद्ध आँधीका कारण आक्रान्त भएका अमेरिकाका विभिन्न राज्यको जनजीवन सामान्य बन्न नपाउँदै मिसौरी राज्य फेरि आँधीको चपेटामा परेको छ ।

बिहीबार बिहानै आएको आँधीमा परी पाँच जनाको मृत्यु भएको छ भने अन्य पाँच जना घाइते भएका छन् । आँधीले ग्लेन एलेन गाउँमा महाविनाश भएको छ । देशका आठ राज्यमा आएका दर्जनौं आँधीका कारण हाल सम्म ६३ जनाले ज्यान गुमाएका छन् । बोलिञ्जर काउन्टीका धेरै घर ढलेका छन्भने विद्युत् आपूर्तिमा अवरोध भएको छ ।

प्रारम्भिक विवरणअनुसार आँधीले ८७ वटा भौतिक संरचनामा क्षति पुगेको मिसौरी राज्यका एक अधिकारीले बताएका छन् । राज्यका गभर्नर माइक पार्सनले आँधी प्रभावित क्षेत्रको भ्रमण गरेर पीडितहरूलाई सहयोग गर्ने बताउनुभएको छ । उहाँले राष्ट्रपति जो बाइडेनबाट सङ्घीय सहयोगको आश्वासन प्राप्त भएको जानकारी पनि दिनुभएको छ ।

यसअघि मिसिसिपीमा गत साता आएको आँधीमा परी २६ जनाको ज्यान गएको थियो । त्यहाँको सानो शहर रोलिङफार्क पूर्णरूपमा तहसनहस भएको थियो । करिब दुई हजार बासिन्दा रहेको उक्त स्थानको स्थलगत निरीक्षणमा पुग्नु भएका राष्ट्रपतिले आँधीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रकट गर्नुभएको थियो ।

निरपेक्ष गरिबीको रेखामुनि रहेका त्यहाँका करिब दुई हजार जनतालाई तत्काल सहायता परिचालन गर्न राष्ट्रपतिले सङ्घीय सरकारलाई आदेश दिनुभएको थियो । अस्थायी आवास, घरमर्मत, बीमा नगरिएको सम्पत्तिको नोक्सानी क्षतिपूर्तिस्वरुप ऋण अनुदानलगायत सुविधा उपलब्ध गराउन उहाँले आदेश दिनुभएको थियो ।

# अहिले पनि पहिचानको पक्षमा छौं, कोशी प्रदेशको निर्णयका बेला गल्ती भयो : प्रचण्ड

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ चैत ।**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूहरू अहिले पनि पहिचानकै पक्षमा रहेको बताएका छन् । पेरिसडाँडामा बसेको माओवादी पदाधिकारी बैठकलाई सम्बोधनका क्रममा प्रधानमन्त्रीसमेत रहेका उनले कोशी प्रदेश नाम राख्दा गल्ती हुन पुगेको बताए ।

"पूर्व १ नम्बर प्रदेश नामाकरणको विषयमा हामी पहिचानको अडानमै छौं," उनले बैठकमा ब्रिफिङ गर्दै भने, "त्यो प्रदेशमा रहनुभएका साथीहरूबाट कोशी नाममा निर्णय गर्ने बेला अडान लिन सक्नुभएन ।" उनले अहिले पनि माओवादी पहिचानको मुद्दामा तलमाथि नहुने बताए । "तर, म तपाईंहरूलाई के विश्वस्त गराउन चाहन्छु भने हाम्रो पार्टी अहिले पनि पहिचानको मुद्दामा तलमाथि हुँदैन र हुने छैन," उनले त्यसक्रममा भने ।

गत फागुन १७ गते प्रदेश १ को नाम कोशी प्रदेश जुराउँदा प्रस्तावक रामबहादुर रानाले राखेको प्रस्तावको पक्षमा ८२ र विपक्षमा ४ मत परेको थियो ।

९३ सदस्यीय प्रदेश १ को प्रदेशसभामा मत विभाजनका क्रममा दुई तिहाइका लागि ६२ मत आवश्यक रहेकामा प्रस्तावको पक्षमा सत्तारूढ दलहरू नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय प्रजातन्त्र पार्टी तथा विपक्षमा रहेको नेकपा (एकीकृत समाजवादी)का ४ सदस्यले मतदान गरेका थिए ।

तर, पहिचान पक्षधरहरूले किरातसहितका नाम अघि सारेर आन्दोलन चर्काइरहेका बेला प्रचण्डले बैठकमा यो ब्रिफिङ गरेका



हुन् । कोशीले पहिचान पक्षधरहरूको भावनामा ठेस पुगेको भन्दै एक महिनादेखि लगातार आन्दोलन चलिरहेको छ ।

माओवादीले जनयुद्धदेखि नै जातीय पहिचानसहितको पक्षमा आफूलाई उभ्याउँदै आएको थियो । तर, सातै प्रदेशको नाम भूगोल र नदीबाट राखिँदा माओवादीले आफूलाई पहिचानको अडानमा टिकाइराख्न सकेन । कोशीमा पनि माओवादीको समर्थनसहित दुई तिहाइ बहुमतले नाम जुरेको थियो ।

# संघीयता कार्यानवयनसँग जोडिएका ऐन तत्काल ल्याउन माग

काठमाडौं, २३ चैत (रासस) ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरुले सङ्घीय शिक्षा ऐन, सङ्घीय कर्मचारी ऐनलगायतका महत्वपूर्ण ऐन निर्माणमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा विशेष समयमा बोल्दै सांसदहरुले सङ्घीय संसद्मा थारुको उचित प्रतिनिधित्व हुन नसकेकाले तत्काल ती ऐन ल्याउन आग्रह गर्नुभएको हो । यस्तै, सांसदहरुले प्रतिनिधिसभाको बैठकमा उठाइएका विषयको समाधानका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

बैंक तथा वित्तीय संस्थाले मनलागदी तवरले ब्याज लिएर ऋणीलाई दुःख दिएको, किस्ता रोकिएकामा हर्जनासमेत जोडेर समस्यामा पारेकाले उनीहरुलाई कानुन अनुसार कारबाही गर्नुपर्ने बताउनुभयो ।

बैठकमा सांसदहरुले सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउन, सदनलाई विशेष ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो । बैठकमा सांसदहरु रामनाथ अधिकारी, विद्या भट्टराई, तेजुलाल चौधरी, ईश्वरी घर्ती, ऐनबहादुर शाही, वासुदेव घिमिरे, शान्ति चौधरीललगायतले आ-आफ्ना धारणा राख्नुभएको थियो ।


हनुमाननगर कंकालिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हनुमाननगर, सप्तरी
मधेश प्रदेश, नेपाल

**करार सेवामा स्वयंसेवक शिक्षक पदपूर्ति गर्ने सम्बन्धि सूचना !**
**प्रथम पटक प्रकाशित मितिः २०७९।१२।२१**

प्रस्तुत विषयमा यस हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयको आधारभूत तह तथा माध्यमिक तहमा शिक्षकको उपलब्धतामा वृद्धि गर्न नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधी२०७९ बमोजिम आ.व. २०७९/०८० को लागि तपसिल बमोजिम करार स्वयंसेवक शिक्षक खुला प्रतियोगितात्मक लिखित परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले राजश्व तिरेको रसिद सहित यस नगरपालिकाबाट निर्धारित गरिएको ढाँचामा आवेदन पेश गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघेर आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. आधारभूत तह स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण :

| क्र.सं. | विज्ञापन नं. | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | २०७९/०८०/० | ११ | रु. ७००।- | |

२. माध्यमिक तह स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण :

| क्र.सं. | विज्ञापन नं. | विषय | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७९/०८०/०६ | अंग्रेजी | २ | रु. १०००।- | |
| २ | २०७९/०८०/०७ | गणित | ९ | | |
| ३ | २०७९/०८०/०८ | विज्ञान | १ | | |
| ४ | २०७९/०८०/०९ | नेपाली | ३ | | |
| ५ | २०७९/०८०/१० | लेखा | २ | | |
| ६ | २०७९/०८०/११ | सामाजिक | २ | | |

३. परीक्षाको किसिम : (क) वस्तुगत र (ख) अन्तरवार्ता
४ परीक्षा मिति : परीक्षा मिति पछि प्रकाशन गरिनेछ ।
५. आवश्यक न्यूनतम योग्यता :
आधारभूत तहकोलागि :
- आधारभुततह (१-८) का लागि सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ( शिक्षा विषयलाई प्राथमिकता दिइनेछ )
माध्यमिक तहकोलागि :
- माध्यमिकतह (९-१०) का लागि सम्बन्धित विषयमा स्नातकतह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको (शिक्षा विषयलाई प्राथमिकता दिइनेछ)
६. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक कागजातहरु :
(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
(ख) शैक्षिक योग्यताको प्रमाण पत्र
(ग) स्थाई अध्यापन अनुमति पत्र
(घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो (३ प्रति)
(ङ) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि ।
७. उम्मेदवारको उमेरको हद :
- दरखान्त फाराम बुझाउने अन्तिम मिति २०८० वैशाख ०५ गते सम्ममा १८ वर्ष पुरा भई ४५ वर्ष उमेर ननाघेको हुनुपर्ने छ ।
८. दरखास्त फारामसाथ पेश गरिएका प्रमाण पत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्क ठिक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ ।
९. विज्ञापन सम्बन्धी थप जानकारी :
(क) कुनै पनि शर्त राखी दरखास्त स्वीकृत गरिने छैन ।
(ख) कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेंदवारको दरखास्त फाराम जुनसुकै बखत रद्द गरी कानून बमोजिम कारवाही गरिने छ ।
(ग) लिखित परीक्षा शिक्षक सेवा आयोगले खुला प्रतियोगितात्मक परीक्षाको लागि तोकेको नयाँ पाठ्यक्रम बमोजिम हुनेछ ।
१०. यस सम्बन्धमा थप जानकारिको लागि सर्म्पक नं. ९८०४६०५५०४, ९८०४७७४५४६
Email: ito.hanumannagarkankalinimun@gmail.com

हरिमोहन सुतिहार
(प्रमुख प्रशासकीय अधिकृत)
प्रमुख प्रशासकीय अधिकृत


# सभामुखमाथि पनि महाभियोग ल्याउन सक्छन् : ओली

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ चैत ।**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गठबन्धन सरकारले सभामुख देवराज घिमिरेमाथि महाभियोग ल्याउनसक्ने बताएका छन् ।

बिहिबार पार्टी निकट पेशागत महासंघको कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'राष्ट्रपतिलाई धेरैपटक महाभियोग लगाउन खोजेका थिए । तर, पार लागेन । अहिलेको सभामुखलाई कतिबेला महाभियोग ल्याउन पनि बेर लाउँदैनन् । यिनीहरुसँग २५ प्रतिशत मात्रै होइन बहुमत छँदैछ।



कुनै लाज शरम छैन। के गर्न हुन्छ के हुँदैन कुनै सीमा छैन ।'

उनले गठबन्धनवालाहरू एक पटक मात्रै नभएर अनेक पटक प्रधानन्यायाधीशमाथि महाभियोग लगाएको आरोप लगाए ।

उनले भने, 'सुशीला कार्कीमाथि लगाए, चोलेन्द्रशम्शेर राणामाथि पनि लगाए । प्रधानन्यायाधीश को छ भन्ने होइन । न्यायिक हिसाबले भन्ने हो भने महाभियोग लगाएपछि दर्ता गरेर छ महिनासम्म घरांमा राख्न मिल्छ ? त्यो सुहाउने कुरा हो । अदालतलाई स्वतन्त्र ढंगले काम गर्न नदिने, त्यस्ता काम गर्न मिल्छ । तीनै पार्टी अहिले सरकारमा छन्। तीनीहरुको सकारात्मक भूमिका गर्न सकिँदैन ।'

गठबन्धन अस्थायी भएपनि एमाले भएकाले देश बिग्रन नदिने बताए ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



सार्वजनिक सेवालाई पारदर्शी बनाऔं।
➢ सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं।
➢ सेवाग्राहीले सहज र सरलरुपमा सेवा लिनसक्ने व्यवस्था मिलाऔं।
➢आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, बिचौलियामार्फत काम नगरौं।
➢सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं।
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*